**आकाशवाणी समाचार- नेपाली**
**मितिः १२ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- १८ औं ब्रिक्स शिखर सम्मेलन आजदेखि नयाँ दिल्लीको भारत मण्डपममा सुरु हुँदैछ। ब्रिक्स शिखर सम्मेलनमा भाग लिन विभिन्न देशका राष्ट्राध्यक्ष र वरिष्ठ अधिकारीहरू नयाँ दिल्ली आई रहेका छन्।

- प्रधानमन्त्री नरेन्द्र मोदीले १८ औं ब्रिक्स शिखर सम्मेलन अघि हिजो नयाँ दिल्लीमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, इरानी राष्ट्रपति मसूद पेजेश्कियान र संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेससँग द्विपक्षीय बैठक गर्नु भयो।

- आज प्रधानमन्त्री किसान मानधन योजनाको सात वर्ष पूरा भएको छ। यो योजना २०१९ मा आजको दिन साना तथा सीमान्त किसानहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले सुरु गरिएको थियो।

- सरकारले प्रधानमन्त्री आवास योजना (शहरी) - PMAY-U को दोस्रो चरण अन्तर्गत १८ लाख ७७ हजार घरहरू स्वीकृत गरेको छ।

- भारतीय टोलीले भोलि दुबईमा हुने महिला एसिया कपको फाइनलमा डिफेन्डिङ च्याम्पियन श्रीलंकाको सामना गर्नेछ।

**ब्रिक्स सम्मेलन**

१८ औं ब्रिक्स शिखर सम्मेलन आजदेखि नयाँ दिल्लीको भारत मण्डपममा सुरु हुँदैछ। यो दुई दिवसीय विश्वव्यापी सम्मेलनले ब्राजिल, चीन, इजिप्ट, इथियोपिया, इन्डोनेसिया, भारत, इरान, रूस, साउदी अरेबिया, दक्षिण अफ्रिका र संयुक्त अरब इमिरेट्स लगायत ११ विकासशील र उदीयमान अर्थतन्त्रहरूलाई एकै ठाउँमा ल्याउनेछ। यस उच्च-स्तरीय शिखर सम्मेलनको क्रममा, ब्रिक्स सदस्य देशहरूका नेताहरूले विश्वव्यापी शासन, बहुपक्षीयता, व्यापार र लगानी, प्रविधि, खाद्य र ऊर्जा सुरक्षा, स्वास्थ्य सेवा, आपदा लचिलोपन र आवश्यक आपूर्ति शृङ्खलाहरू लगायतका महत्त्वपूर्ण मामिलाहरूमा चर्चा गर्नेछन्। ब्रिक्स शिखर सम्मेलन २०२६ भारतको अध्यक्षतामा आयोजना हुँदैछ। यसको विषयवस्तु "लचिलोपन, नवप्रवर्तन, सहयोग र दिगोपनको लागि निर्माण" हो।

यस उच्च-स्तरीय शिखर सम्मेलनमा धेरै प्रमुख विश्व नेताहरूले भाग लिनेछन्। प्रधानमन्त्री नरेन्द्र मोदीसँगै रूसका राष्ट्रपति भ्लादिमिर पुटिन र चिनका राष्ट्रपति सी जिनपिङ पनि सहभागी हुनेछन्।

शिखर सम्मेलन ब्रिक्स सदस्य देशहरूको लागि "समावेशी विश्वव्यापी शासन र बहुपक्षीयताको सुदृढीकरण" विषयक सत्रबाट सुरु हुनेछ। ब्रिक्स नेताहरूले भारत मण्डपममा "भारत नवप्रवर्तन" प्रदर्शनीको पनि भ्रमण गर्नेछन्।

यसपछि, सबै सदस्य देशहरूले संयुक्त वृक्षारोपण समारोहमा भाग लिनेछन्। त्यसपछि उनीहरू प्रधानमन्त्री नरेन्द्र मोदीले आयोजना गरेको रात्रिभोजमा भाग लिनेछन्।
प्रधानमन्त्रीले आज शिखर सम्मेलन पछि ब्रिक्स नेताहरूसँग धेरै द्विपक्षीय बैठकहरू पनि गर्नुहुनेछ।

## १८ औं ब्रिक्स शिखर सम्मेलन

१८ औं ब्रिक्स शिखर सम्मेलनमा भाग लिन विभिन्न देशका राष्ट्राध्यक्ष र वरिष्ठ अधिकारीहरू नयाँ दिल्ली आई रहेका छन्। इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियान्तो हिजो राति राजधानी आइपुगनु भएको छ। कोइला तथा खान राज्यमन्त्री सतीश चन्द्र दुबेले विमानस्थलमा उहाँलाई स्वागत गर्नुभयो ।
बुरुन्डीका राष्ट्रपति एभारिस्टे नदाइशिमिए अफ्रिकी संघको प्रतिनिधित्व गर्न नयाँ दिल्ली आइपुगनुभएको छ। उहाँलाई विमानस्थलमा भारी उद्योग तथा स्टील राज्यमन्त्री भूपतिराजु श्रीनिवास वर्माले स्वागत गर्नुभएको थियो | उहाँको भ्रमण ग्लोबल साउथको साझा प्राथमिकतालाई अगाडि बढाउन भारत र अफ्रिकी संघ बीचको सहकार्यको लागि महत्वपूर्ण छ।
अबुधाबीका युवराज शेख खालेद बिन मोहम्मद बिन जायद अल नाह्यान र मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम पनि भारत आइपुगनुभएको छ। उहाँहरूलाई विमानस्थलमा विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले स्वागत गर्नुभयो। युवराजको भ्रमणले व्यापार र ऊर्जा सुरक्षामा विशेष ध्यान केन्द्रित गर्दै भारत र संयुक्त अरब इमिरेट्स बीचको व्यापक रणनीतिक साझेदारीलाई अझ बलियो बनाउने अवसर प्रदान गर्ने विदेश मन्त्रालयले जनाएको छ। मन्त्रालयले भारत र मलेसियाबीच लामो समयदेखि घनिष्ठ सम्बन्ध रहेको र व्यापार, लगानी, डिजिटल अर्थतन्त्र, रक्षा र सुरक्षाका क्षेत्रमा सहयोग निरन्तर बढिरहेको बताएको छ।
मिस्रका राष्ट्रपति अब्दुल फत्ताह अस्सी र इथियोपियाका प्रधानमन्त्री अबी अहमद अली पनि हिजो साँझ नयाँ दिल्ली आइपुगनुभएको छ। उनीहरूलाई विमानस्थलमा केन्द्रीय रक्षा राज्यमन्त्री संजय सेठले स्वागत गर्नुभयो। भारत र मिस्र बीच गहिरो मैत्रीपूर्ण सम्बन्ध छ, जबकि भारत र इथियोपिया रणनीतिक साझेदार हुन् र ब्रिक्स देशहरू बीचको सहयोगलाई अझ बलियो बनाउन सँगै काम गरिरहेका छन्।
फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जूनियरलाई स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री अनुप्रिया पटेलले विमानस्थलमा स्वागत गर्नुभयो।
इरानी राष्ट्रपति मसूद पेजेश्कियान पनि हिजो साँझ नयाँ दिल्ली आइपुगनु भएको छ। उहाँलाई बन्दरगाह, ढुवानी र जलमार्ग राज्यमन्त्री शान्तनु ठाकुरले विमानस्थलमा स्वागत गर्नुभयो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भारत र इरानले बलियो सांस्कृतिक सम्बन्ध राखेको बताउनुभएको छ। उहाँले ब्रिक्स साझेदारको रूपमा, दुई देशहरू साझा प्रगति र समृद्धिको लागि सँगै काम गरिरहेको पनि बताउनुभयो।
ब्रिक्स सदस्य देशहरूमा ब्राजिल, चीन, मिस्र, इथियोपिया, भारत, इन्डोनेसिया, इरान, रूस, साउदी अरेबिया, दक्षिण अफ्रिका र संयुक्त अरब इमिरेट्स समावेश छन्।ब्रिक्स साझेदार देशहरूमा बेलारुस, क्युबा, बोलिभिया, काजाकिस्तान, मलेसिया, नाइजेरिया, थाइल्याण्ड, युगान्डा, उज्बेकिस्तान र भियतनाम समावेश छन्।
यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्स शिखर सम्मेलनको लागि विश्वभरिका नेताहरू नयाँ दिल्लीमा भेला भइरहेको बताउनुभयो। उहाँले यो उच्चस्तरीय बैठकमा विश्वव्यापी कल्याणलाई ध्यानमा राखेर विभिन्न मुद्दाहरूमा सकारात्मक र अर्थपूर्ण चर्चा हुने विश्वास व्यक्त गर्नुभयो।

## पीएम- द्वीपक्षीय वार्ता

प्रधानमन्त्री नरेन्द्र मोदीले १८ औं ब्रिक्स शिखर सम्मेलन अघि हिजो नयाँ दिल्लीमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, इरानी राष्ट्रपति मसूद पेजेश्कियान र संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेससँग द्विपक्षीय बैठक गर्नु भयो। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटमा, दुई नेताहरूले राजनीति, व्यापार र अर्थव्यवस्था, रक्षा, ऊर्जा, अन्तरिक्ष, एकअर्काको देशमा काम गर्ने कुशल पेशेवरहरूका लागि अवसरहरू, र जनता-जनता सम्बन्ध सहित विभिन्न क्षेत्रहरूमा भारत-रूस सहयोगको प्रगतिको समीक्षा गरे। दुवै पक्षले पश्चिम एसिया र व्ल्याक सागर क्षेत्रमा द्वन्द्वहरू सहित पारस्परिक हितका प्रमुख क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि विचार आदानप्रदान गरे। प्रधानमन्त्री नरेन्द्र मोदीले संवाद र कूटनीति द्वन्द्वहरू समाधान गर्ने सही तरिका रहको र भारत शान्ति प्रयासहरूलाई समर्थन गर्न तयार रहेको दोहोर्याउनु भयो। दुई नेताहरूले भारत र रुस बीचको "विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी" लाई अझ बलियो बनाउन प्रयासहरू जारी राख्न पनि सहमति जनाए। रुसी राष्ट्रपति पुटिनले २४ औं भारत-रूस वार्षिक शिखर सम्मेलनको लागि प्रधानमन्त्रीलाई रूस भ्रमण गर्न निम्तो दिनुभयो। प्रधानमन्त्रीले पनि निमन्त्रणा स्वीकार गर्नु भयो। इरानी राष्ट्रपति मसूद पेजेश्कियानसँगको भेटमा प्रधानमन्त्री नरेन्द्र मोदीले द्विपक्षीय सम्बन्ध र पश्चिम एसियामा हालैका विकासक्रमहरूबारे छलफल गर्नुभयो। श्री मोदीले सबै मुद्दाहरू संवाद र कूटनीति मार्फत समाधान गर्नुपर्छ भन्ने भारतको निरन्तर अडान दोहोऱ्याउनु भयो। उहाँले क्षेत्रमा दिगो शान्ति र स्थिरता सुनिश्चित गर्न निरन्तर प्रयासहरूको आवश्यकता, साथै नेभिगेसन र वाणिज्यको स्वतन्त्रताको रक्षा गर्ने र नाविकहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्ने महत्त्वमा जोड दिनु भयो। प्रधानमन्त्रीले ब्रिक्स-सम्बन्धित बैठकहरूमा इरानको निरन्तर उच्चस्तरीय सहभागिताको लागि धन्यवाद दिनु भयो र विश्वव्यापी दक्षिणका देशहरू बीच लचिलोपन, नवीनता, सहयोग र स्थिरता निर्माणलाई प्रवर्द्धन गर्ने समूहको सम्भावनालाई प्रकाश पार्नु भयो। यसरी नै प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेससँग पनि भेट गर्नु भयो। दुई नेताहरूले विश्वभर चलिरहेको द्वन्द्व, आवतजावतको स्वतन्त्रता, दिगो विकास, नवीकरणीय ऊर्जा, विश्वव्यापी खाद्य सुरक्षा, र मानव-केन्द्रित कृत्रिम बुद्धिमत्ता जस्ता मुद्दाहरूमा छलफल गरे। उनीहरूले वर्तमान विश्वव्यापी परिस्थितिलाई ध्यानमा राख्दै बहुपक्षीयतालाई सुदृढ पार्ने र संयुक्त राष्ट्र सुरक्षा परिषद् लगायत अन्तर्राष्ट्रिय संस्थाहरूमा सुधार गर्ने महत्त्वमा पनि जोड दिए। संयुक्त राष्ट्र संघका महासचिव गुटेरेसले भारतले चौथो पटक ब्रिक्स शिखर सम्मेलनको अध्यक्षता गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिनुभयो।

## पीएम- मानधन योजना

आज प्रधानमन्त्री किसान मानधन योजनाको सात वर्ष पूरा भएको छ। यो योजना २०१९ मा आजको दिन साना तथा सीमान्त किसानहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले सुरु गरिएको थियो। यस योजना अन्तर्गत, साना तथा सीमान्त किसानहरूलाई ६० वर्षको उमेर पुगेपछि कम्तिमा ३ हजार मासिक पेन्सनको ग्यारेन्टी गरिएको छ। यस पेन्सन योजनाको उद्देश्य किसानहरूलाई बुढेसकालमा आर्थिक स्थिरता र सम्मानको जीवन बिताउन मद्दत गर्नु हो, जसले गर्दा उनीहरूको जीवन अझ सुरक्षित र शान्त बनोस्। विगत सात वर्षमा, प्रधानमन्त्री किसान मानधन योजना साना तथा सीमान्त किसानहरूको लागि एक महत्वपूर्ण सामाजिक सुरक्षा पहलको रूपमा देखा परेको छ। यसले किसानहरूलाई उनीहरूको भविष्यको लागि राम्रो योजना बनाउन र उनीहरूको आर्थिक आत्मविश्वास बढाउन मद्दत गरिरहेको छ।

## प्रधानमंत्री आवास योजना

सरकारले प्रधानमन्त्री आवास योजना (शहरी) - PMAY-U को दोस्रो चरण अन्तर्गत १८ लाख ७७ हजार घरहरू स्वीकृत गरेको छ। यसले योजनाको कार्यान्वयनलाई अझ तीव्र बनाउनेछ र शहरी क्षेत्रहरूमा सबैका लागि आवासको लक्ष्यलाई अगाडि बढाउन मद्दत गर्नेछ।

बिहीबार नयाँ दिल्लीमा केन्द्रीय स्वीकृति र अनुगमन समितिको नवौं बैठकमा यो निर्णय लिइएको हो। बैठकको अध्यक्षता आवास तथा शहरी मामिला मन्त्रालयको शहरी विकास विभागका सचिव सतेन्द्र सिंहले गर्नुभएको थियो।

बैठकमा PMAY-U को दोस्रो चरणको लाभार्थी नेतृत्वको निर्माण र साझेदारी वर्गमा किफायती आवास अन्तर्गत लगभग २९ हजार थप घरहरूलाई पनि अनुमोदन गरेको छ। यी स्वीकृतिहरू असम, बिहार, गुजरात, तेलङ्गाना, त्रिपुरा र उत्तर प्रदेशका लागि हुन्।

श्री सिंहले राज्यहरूलाई PMAY-U को दोस्रो चरणको समयमै र प्रभावकारी कार्यान्वयन र अनुगमनको लागि मिलेर काम गर्न आग्रह गर्नुभयो, जसले योजनाको फाइदा सबै योग्य लाभार्थीहरूसम्म पुगोस् भन्ने सुनिश्चित गर्नेछ।

## ब्रिक्स – यातायात परमार्श

नयाँ दिल्लीमा ब्रिक्स शिखर सम्मेलनका कारण, आज बिहान ९ बजेर ३० मिनटदेखि बेलुका ९ बजेसम्म दिल्लीका प्रमुख मार्गहरूमा ट्राफिक डाइभर्सन र नियन्त्रित आवागमन लागू गरिएको छ। दिल्ली ट्राफिक पुलिसले यात्राको लागि निस्कनु अघि मानिसहरूलाई अतिरिक्त समय दिन सल्लाह दिएको छ। पुलिसले मानिसहरूलाई सार्वजनिक यातायात, विशेष गरी मेट्रो रेल प्रयोग गर्न सल्लाह दिएको छ। दिल्ली पुलिसले सामाजिक सञ्जाल पोस्टमा मानिसहरूलाई डाइभर्सन गरिएका मार्गहरू र ट्राफिक निर्देशिकाहरू पालना गर्न आग्रह गरेको छ। आपतकालीन र आवश्यक सेवाका सवारी साधनहरूलाई प्राथमिकता दिइनेछ।

## एसोचैम-ब्रिक्स

एसोसिएटेड चैंबर ऑफ कॉमर्स एंड इंडस्ट्री ऑफ इंडिया (ASSOCHAM) ले प्रधानमन्त्री नरेन्द्र मोदीको ब्रिक्सलाई विश्वव्यापी सहयोग र ग्लोबल साउथको लागि एक शक्तिशाली प्लेटफर्मको रूपमा बलियो बनाउने दृष्टिकोणको प्रशंसा गरेको छ।

ASSOCHAM का अध्यक्ष निर्मल कुमार मिन्डाले ब्रिक्स सहयोगलाई ठोस व्यावसायिक परिणाममा रूपान्तरण गर्ने प्रधानमन्त्रीको दृष्टिकोण अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले ब्रिक्स देशहरू बीच व्यापार, लगानी, प्रविधि, स्टार्टअप र व्यावसायिक साझेदारीलाई सुदृढ पार्नाले अपार अवसरहरू खोल्न सकिने बताउनुभयो। श्री मिन्डाले नवप्रवर्तन, डिजिटल समाधान, पूर्वाधार, रणनीतिक प्रविधि र ब्रिक्स स्टार्टअप इनोभेसन फन्ड जस्ता पहलहरूमा जोड दिनाले सहयोगलाई अझ बलियो बनाउनेछ र भारतीय उद्यमहरूलाई विश्वव्यापी रूपमा विस्तार गर्न मद्दत गर्नेछ भनि बताउनुभयो।

## महिला क्रिकेट- एशिया कप

भारतीय टोलीले भोलि दुबईमा हुने महिला एसिया कपको फाइनलमा डिफेन्डिङ च्याम्पियन श्रीलंकाको सामना गर्नेछ। दोस्रो सेमी फाईनलमा श्रीलंकाले पाकिस्तानलाई चार विकेटले पराजित गर्दै फाइनलमा पुगेको छ। १३१ रनको लक्ष्य पछ्याउँदै, श्रीलंकाली महिला क्रिकेट टोलीले आठ बल बाँकी रहँदा चार विकेट गुमाउँदै लक्ष्य पूरा गर्यो।